# बहुदरमाई नगरपालिकाको बंगुरपालन व्यवसाय सञ्चालन मापदण्ड, २०७७

## बहुदरमाई नगरपालिका

बहुअरी पिडरी,पर्सा

CamScanner

# बहुदरमाई नगरपालिकाको बंगुरपालन व्यवसाय सञ्चालन मापदण्ड, २०७७

**प्रस्तावना:**

बहुदरमाई नगरपालिकाको उद्योग वाणिज्य तथा व्यवसाय दर्ता कार्यविधि अनुसार वातावरण संरक्षण तथा मानवीय स्वास्थलाई मध्यनजर गर्दै बंगुरपालन व्यवसायलाई व्यवस्थित गर्न वान्छनिय भएकोले बहुदरमाई नगरपालिकाले यो मापदण्ड जारी गरेकोछ ।

**१.मापदण्डको आवश्यकता :**

बहुदरमाई नगरपालिकाले निम्न कुरालाइ ध्यानमा राख्दै यो मापदण्ड निर्माण गरेकोछ :

क) नगरबासीको स्वस्थ वातावणीय अधिकारप्रति नगरपालिका प्रतिबद्ध रहेकाले,

ख) हाल सञ्चालनमा रहेका बंगुरपालन व्यवसायलाई व्यवस्थित गर्नुपर्ने र वातावरणीय सन्तुलनलाई ध्यानमा राख्दै व्यवसाय प्रवर्धन गर्नुपर्ने भएकोले,

ग) नेपालको संविधान २०७२, स्थानिय सरकार सञ्चालन ऐन २०७४ लगाएत पशु व्यवस्थापन र मासु जाँच गर्ने सम्वन्धमा वनेको ऐन २०५५ र नियमावली २०५५ एवं पशुपंक्षि बजार पवर्द्धन कार्यक्रम कार्यविधि २०७४ को कार्यान्वियन व्यवस्थित रुपमा गर्नुपर्ने भएकोले ।

**२). संक्षिप्त नाम र प्रारम्भ :**

१) यो मापदण्डको नाम नाम "बहुदरमाई नगरपालिकाको बंगुरपालब व्यवसाय सञ्चालन मापदण्ड २०७७" रहेकोछ ।

२) यो मापदण्ड बहुदरमाई नगरकार्यपालिका बाट पारित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**३) बंगुर पालन प्रकृति :**

बहुदरमाई नगरपालिका क्षेत्रमा बंगुर पालन २ प्रकृतिका हुनेछन्:

क) घरायसी बंगुर पालन:

नगरबासीले आफ्नो घर, करेसाबारी क्षेत्रमा बढीमा ४ वटा सम्म बंगुर छलछिमेकलाई बाधा नपर्ने गरि, वातावरण प्रदुशित नगरि सरसफाई र स्वच्छता कायम राखी पाल्न सक्नेछन् ।

ख) व्यवसायिक बंगुरपालन:

१. बहुदरमाई नगरक्षेत्रमा ४ वटा भन्दा बढि बंगुर पालन गरिएको छ भने त्यसलाई व्यावसायीक बंगुर पालनको रुपमा लिइनेछ । व्यवसायीक बंगुर पालनका लागि नगरपालिकाबाट तोकिएको मापदण्ड अनिवार्य रुपमा पुरा गर्नुपर्नेछ ।

२. बहुदरमाई नगरपालिका क्षेत्रमा व्यवसायिक रुपमा बंगुरपालन गर्न अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय दर्ता गर्नुपर्नेछ ।

३. नगरपालिकामा व्यवसायीक रुपमा कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गर्ने गरि दर्ता भएका फर्म, समूह तथा कम्पनीले समेत यो मापदण्ड प्रारम्भ भएपश्चात बंगुरपालनको लागि छुट्टै इजाजत लिनुपर्नेछ । इजाजत पत्रको नमूना अनुसूचि २ अनुसार हुनेछ ।

**४) व्यवसायीक बंगुरपालनको इजाजत :**

बहुदरमाई नगरपालिका क्षेत्रमा व्यवसायीक रुपमा बंगुर पालन गर्न निम्नानुसारको मापदण्ड पुरा गरि इजाजत लिनुपर्नेछ :

१. नगरपालिका क्षेत्रमा बंगुरपालन व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले इजाजतपत्रका लागि निम्न कागजात सहित नगर कार्यपालिकाको कार्यालयमा अनुसूचि १ को ढांचामा निवेदन पेश गर्नुपर्नेछ:

CamScanner

क). बंगुरपालन हुने जग्गाको स्वामित्व प्रमाणपत्र वा जग्गाधनीको सहमति सहित पुर्जा र नक्साको प्रतिलिपि ।

ख) संधियार र छिमेकीको सहमति मुचुल्का ।

ग) बंगुरपालनको व्यवसायिक कार्ययोजना

घ)व्यवसाय संचालन हुने वडाको सिफारिश

२. उपयिम (१) बमोजिम निवेदन प्राप्त भएपछि नगरकार्यपालिकाको कृषि तथा पशुस्वास्थ हेर्ने शाखाले प्राविधिक परामर्श सहित प्रस्तावित स्थलको निरिक्षण र आवश्यक जाँचबुझ गरी आफ्नो राय सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ ।

३. उपनियम (२) बमोजिम को राय सकारात्मक देखिएमा प्रमुख प्रशासकीय अधिकृतको हस्ताक्षरमा नगरपालिकाको आर्थिक ऐन तथा उद्योग व्यवसाय दर्ता सम्बन्धी कार्यविधिमा तोकिएको शुल्क लिएर अनुसूचि २ बमोजिमको ढाँचामा बंगुरपालन व्यवसाय दर्ता तथा इजाजत-पत्र दिइनेछ । तर यस अघिनै ब्यासायीक कृषि तथा पशुपंक्षी फर्मको रुपमा दर्ता रहेको व्यवसायको हकमा दर्ताको अतिरिक्त २० प्रतिशत लिएर बंगुरपालन इजाजतपत्र दिइनेछ ।

४.यो मापदण्ड प्रारम्भ हुनु भन्दा अघि बंगुर पालन गरिरहेका व्यवसायीहरुले समेत यो मापदण्ड प्रारम्भ भएको मितिले १ महिनाभित्र इजाजतपत्र लिइ सक्नु पर्नेछ ।

**५. बंगुरपालनको मापदण्ड :**

नगरपालिका क्षेत्रमा व्यवसायीक रुपमा बंगुरपालन व्यवसाय संचालन गर्न चाहने व्यक्ति वा संस्थाले निम्न मापदण्ड अनिवार्य पुरा गर्नुपर्नेछ ।

क) बंगुर पालन व्यवसाय स्थल मानव वस्तीबाट कम्तिमा ५०० मीटर पर हुनुपर्नेछ ।

ख) बंगुरको खोर निर्माण गर्दा मलमुत्र व्यवस्थापनको उचित प्रवन्ध भएको, फार्मले चर्चेको चारकिल्ला भन्दा बाहिर प्रदुषण नहुने, दुर्गन्ध नफैलिने गरि निर्माण भएको हुनुपर्नेछ ।

ग) बंगुर पालन व्यवासाय स्थल मूल सडक भन्दा कम्तिमा २०० मिटर पर हुनुपर्नेछ ।

घ) बंगुरको ओसार पसार, चरण र व्यवस्थापन गर्दा छरछिमेक वा दोश्रो पक्षलाई बाधा पुऱ्याई उजुरी परेमा सो बाट हुने क्षति सम्बन्धित ब्यबसायीबाट असुल उपर गराइनेछ ।

ङ) १०० वटा भन्दा बढि बंगुर पालन गर्ने ठूला ब्यवसायीले खोरको ड्रइङ नक्सा सहित प्रारम्भीक बातावरणीय परिक्षण समेत अनिवार्य गराउनुपर्नेछ ।

**६. बंगुरको ओसारपसार तथा बध सम्बन्धी ब्यवस्था**

क) बंगुरपालकले बंगुर ओसारपसार गर्दा वातावरण र दोश्रो पक्षलाई असर नपर्ने गरि गर्नुपर्नेछ।

ख) बंगुरपालकले बंगुरको बध तथा मासु ओसार पसार गर्दा बहुदरमाई नगरपालिकाको पशुबध तथा मासु पसल संचालन कार्यविधि २०७७ अनुसार गर्नुपर्नेछ ।

**७. नियमित अनुगमन :**

बंगुरपालन क्षेत्रमा बहुदरमाई नगरपालिकाको तर्फबाट अनुगमन टोली, तोकिएको प्रतीनिधि तथा नगरप्रहरीबाट नियमित अनुगमन तथा निरिक्षण हुनेछ । अनुगमन तथा निरिक्षणमा जाने टोली वा ब्यक्तिलाई सहयोग गरि निरिक्षण गर्न दिनु बंगुरपालकको कर्तब्य हुनेछ ।

**८. सहयोग गर्ने:** तोकिएको मापदण्ड पुरा गरि बंगुरपालन ब्यवसाय सञ्चालन गर्ने ब्यवासायीलाई नगरपालिकाको कृषि अनुदान, उद्यमशिलता कार्यक्रम तथा ब्याज अनुदान कार्यविधि अनुसार उचित सहायता गर्न सकिनेछ ।

**९. दण्ड जरिवाना :**

बंगुरपालन मापदण्ड अनुसार भए नभएको वा दोश्रो पक्षको उजुरीको आधारमा अनुगमनमा

CamScanner

खटिएको टोलिको प्रतिवेदनको आधारमा नगरपालिकाले मापदण्ड विपरित गर्ने बंगुरपालक वा व्यवसायीलाई प्रथम पटक भए सुधार गर्न सचेत गराउँदै एक हजार रुपैयाँ जरिवाना गर्नेछ। दोश्रो पटक मा पाँच हजार रुपैयाँ र तेश्रो पटक देखि १० हजार रुपैयाँ जरीवाना वा इजाजत पत्र खारेज गरि व्यवसाय बन्द गर्न सक्नेछ।१०. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने:** बहुदरमाई नगरकार्यपालिकाको निर्णयानुसार आवश्यकता अनुसार यस मापदण्डमा आवश्यक थपघट वा हेरफेर गर्न सकिनेछ।

११. **प्रचलित कानून अनुसार हुने:** यस मापदण्डमा लेखिएका कुरा हरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नियम कानून अनुसार हुनेछन्। कानून संग बाझिएका हद सम्म यस मापदण्डका दफाहरु स्वत: निष्क्रिय हुनेछन्।

अनुसूचि १
(नियम ४ को उपनियम (१) संग सम्बन्धित)

## बंगुरपालन व्यवासाय इजाजतका लागि दरखास्त फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बहुदरमाई नगर कार्यपालिकाको कार्यालय,
बहुअरी पिडरी, पर्सा ।

मिति :

विषय : बंगुरपालन गर्न इजाजत पाउँ ।

मैले, हामीले निम्न ठेगानामा बंगुरपालन व्यवसाय सन्चालन गर्न लागेको हुंदा सो कार्यको लागि इजाजतपत्र पाउँ । प्रचलित कानून तथा बहुदरमाई नगरपालिकाको बंगुरपालन मापदण्ड २०७७ को परिधि भित्र रही काम गर्नेछु/छौ ।

बंगुर पालन गरिने स्थलको ठाउँको ठेगाना :
प्रदेश :
जिल्ला :
नगरपालिका :
वडा नं. :

निवेदकको :-

नाम :
सही :
ठेगाना :

**संलग्न कागजातहरु:**

१) बंगुरपालन हुने जग्गाको स्वामित्व प्रमाणपत्र वा जग्गाधनीको सहमति सहित पुर्जा र नक्साको प्रतिलिपि ।
२) संधियार र छिमेकीको सहमति मुचुल्का ।
३) बंगुरपालनको व्यवसायिक कार्ययोजना ।
४) व्यवसाय संचालन हुने वडाको सिफारिश ।
५) व्यवसायिक फर्म दर्ता भैसकेको भए दर्ता प्रमाणपत्र ।
६) व्यवसायीको नागरिकताको प्रतिलिपी ।

CamScanner

## अनुसूची-२

(नियम ३ को (ख) (३) सँग सम्बन्धित बंगुरपालन ब्याबसाय सञ्चालन गर्ने

## इजाजतपत्र

इजाजत नंबर . . . . . . .

तपाई श्री । . . . . . . . . . . . . . . . . . . . लाई बहुदरमाई नगरपालिकाको बंगुरपालन सम्वन्धी मापदण्ड २०७७ अनुसार बंगुरपालन ब्याबसाय सञ्चालन गर्न यो इजाजतपत्र प्रदान गरिएको छ । उक्त मापदण्डको अधीनमा रही ब्यवसायको स्थापना र सञ्चालन गर्नु होला ।

(१) ब्यवसायको नाम:
(२) वधशालाको नाम र ठेगाना:
(३) ठेगाना:
(४) बाबुको नाम:
(५) बंगुर पालन क्षमता:

इजाजत पाउनेको फोटो

इजाजतपत्र दिने अधिकारीको-

नाम :

पद :

सही:

कार्यालयको छाप: मिति:

आज्ञाले,
तर्थराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिती: २०७७/..../....